# निक्षेप तथा कर्जा सुरक्षण कोष
## Deposit & Credit Guarantee Fund

"ऋण र धन, दुवैको सुरक्षण"

(नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापित)

अंक ५ वर्ष ३ (बैशाख २०८२)

निक्षेप तथा कर्जा सुरक्षण कोषको अर्धवार्षिक वुलेटिन


नव वर्ष २०८२ सालको पावन अवसरमा
समस्त सदस्य संस्था, शेयरधनी तथा
शुभेच्छुकहरुमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

निक्षेप तथा कर्जा सुरक्षण कोष
टंगाल, काठमाडौँ ।

**यसभित्र**


- सम्पादकीय
- मुख्य शाखा कार्यालय, काठमाडौँको उद्घाटन
- कोषको सञ्चालक समिति सदस्यमा परिवर्तन
- प्रादेशिक, साना तथा मझौला उद्यम कर्जा सुरक्षण कार्यक्रम योजनाबारे संक्षिप्त जानकारी
- कोशी प्रदेश भित्रका साना तथा मझौला उद्योग व्यवसायमा (SME) कर्जा प्रवाहमा ब्रेक थ्रु
- कोषका प्रमुख कार्यकारी अधिकृत ग्लोबल एक्सेलेन्स इन लिडरसिप अवार्डबाट सम्मानित
- मोलडोभामा भएको Knowledge Exchange Program मा सहभागिता
- तालिम कार्यक्रम
- विभिन्न बैंक तथा वित्तीय संस्थाहरुसँगको कर्जा सुरक्षण सम्झौता
- नियुक्ति,बढुवा तथा अवकाश



Tangal, Kathmandu   www.dcgf.gov.np   info@dcgf.gov.np   +977-01-4510127

## सम्पादकीय

आर्थिक वर्ष २०८१/८२ को चैत्र मसान्तसम्ममा ५५ बैंक तथा वित्तीय संस्थाहरुमा रहेको ४ करोड ८५ लाख ६९ हजार प्राकृतिक निक्षेपकर्ताहरुको रु. १५ खर्ब ३७ अर्ब ६४ करोड ७५ लाख निक्षेप रकम कोषमा सुरक्षण भएको छ। उक्त रकम कुल निक्षेप रकम ६८ खर्ब ३६ अर्बको २२.४९ प्रतिशत हो भने प्राकृतिक निक्षेपकर्ताको कुल निक्षेप रकम ४४ खर्ब ९३ अर्बको ३४.२१ प्रतिशत हो। यस आ.व. २०८१/०८२ को सुरक्षण रकमको वार्षिक लक्ष्य १५ खर्ब २० अर्ब रहेकोमा १५ खर्ब ३७ अर्ब निक्षेपको सुरक्षण भई वार्षिक लक्ष्यको १०१ प्रतिशत लक्ष्य हासिल भएको छ भने सुरक्षण शुल्कको वार्षिक लक्ष्य २ अर्ब ४३ करोड रहेकोमा १ अर्ब ८० करोड सुरक्षण शुल्क प्राप्त भई वार्षिक लक्ष्यको ७४.२६ प्रतिशत लक्ष्य हासिल भएको छ।

आर्थिक वर्ष २०८१/८२ चैत्र मसान्त सम्ममा विभिन्न बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिई ३७३३ जना कृषकहरुले खरीद गरेको ७०५५ वटा पशुधनहरुको रु.४२ करोड ५६ लाख ८० हजार बराबरको पशुधन कर्जा कोषमा सुरक्षण भई रु.१ करोड ९८ लाख ३५ हजार सुरक्षण शुल्क आम्दानी भएको छ। यस अवधिमा २६० पशुपालक कृषकको २७० पशुधनको रु.१ करोड ८ लाख ९६ हजार दावी भुक्तानी गरेको छ।

आर्थिक वर्ष २०८१/८२ चैत्र मसान्तसम्ममा साना तथा मझौला उद्यम कर्जा सुरक्षण कार्यक्रम अन्तर्गत ४ वटा सदस्य संस्थाबाट ८,१५० ऋणीमा लगानी भएको रु. १९ अर्ब ७ करोड ४० लाख ६७ हजार बराबरको कर्जा सुरक्षण भएको छ। यस अवधिमा ३ जना ऋणीको रु. ८५ लाख १७ हजार दावी रकम भुक्तानी गरिएको छ।

आर्थिक वर्ष २०८१/८२ चैत्र मसान्त सम्ममा कृषि कर्जा सुरक्षण कार्यक्रम अन्तर्गत १३,१३५ ऋणीको रु. १३ अर्ब ६२ करोड ५४ लाख २२ हजार कर्जा रकम कोषमा सुरक्षण भएको छ। यस अवधिसम्ममा कुनै पनि ऋणीको दावी भुक्तानी भएको छैन।

आर्थिक वर्ष २०८१/८२ चैत्र मसान्त सम्ममा लघुवित्त तथा विपन्न वर्ग कर्जा सुरक्षण कार्यक्रम अन्तर्गत १५,१०,४७६ ऋणीको रु. २ खर्ब ५६ अर्ब ६५ करोड १५ लाख ८२ हजार रकम कोषमा सुरक्षण भएको छ। यस अवधिमा ३,८०६ ऋणीको रु. १९ करोड ७४ लाख २४ हजार प्रथम किस्ता र २८०७ जना ऋणीको रु.४ करोड ९० लाख ७३ हजार दोस्रो किस्ता गरी जम्मा रकम रु.२४ करोड ६४ लाख ९७ हजार दावी भुक्तानी गरिएको छ।

आर्थिक वर्ष २०८१/८२ चैत्र मसान्तसम्ममा सहुलियतपूर्ण कर्जा सुरक्षण कार्यक्रम अन्तर्गत ६३,५८९ ऋणीलाई प्रवाह भएको रु. २५ अर्ब ९९ करोड ३९ लाख ८३ हजार कर्जा रकम कोषमा सुरक्षण भएको छ। यस अवधिमा ३३ जना ऋणीको रु. ८३ लाख ३५ हजार दावी भुक्तानी गरिएको छ।

आर्थिक वर्ष २०८१/८२ चैत्र मसान्तसम्ममा स्टाटअप कर्जा सुरक्षण कार्यक्रम अन्तर्गत १६७ जना ऋणीलाई प्रवाह भएको रु. १६ करोड ८६ लाख ७२ हजार कर्जा रकम कोषमा सुरक्षण भएको छ। यस अवधिमा यस शिर्षकमा कुनै दावी रकम भुक्तानी गरिएको छैन।

कोषले संचालन गरेका कर्जा सुरक्षण कार्यक्रमहरु मध्ये लघुवित्त तथा विपन्न वर्ग, साना तथा मझौला उद्यम कर्जा र कृषि कर्जासँग सम्वन्धित कार्यक्रमहरुमात्र प्रभावकारी रहेको तर अन्य सुरक्षण कार्यक्रमहरु प्रति बैंक/वित्तीय संस्थाहरुको आकर्षण नरहेको देखिएको छ। तसर्थ प्रचलनमा नभएका सुरक्षण कार्यक्रमहरुमा बैंक/वित्तीय संस्थाहरुलाई आवद्ध गराउन त्यस्ता कार्यक्रमहरुको सम्बन्धमा समिक्षा हुनुपर्ने देखिन्छ। मौजुदा कार्यक्रमहरुमा समयानुकुल परिमार्जन गरेर बैंक/वित्तीय संस्थाहरुको सुरक्षण आवश्यकतालाई उपयुक्त तवरले सम्बोधन गर्न कोष क्रियाशील रहेको छ। त्यसैगरी उत्पादनशील र रोजगारमूलक क्षेत्रमा कर्जा प्रवर्द्धनलाई थप प्रोत्साहित गर्न नवप्रवर्तित उपायको खोजी गरी नवीनतम स्टाटअप कर्जा सुरक्षण कार्यक्रम तर्जुमा गरी सो कार्यक्रममा प्रवाह भएको कर्जाको सुरक्षण गर्दै आएको छ।


### केन्द्रीय कार्यालय, काठमाडौं
फोन नं.: ०१-४५२१२४१
०१-४५१०१२७
info@dcgf.gov.np
www.dcgf.gov.np

### मुख्य शाखा कार्यालय, काठमाडौं
फोन नं.: ०१-५९७०७७५
kathmandu@dcgf.gov.np

### शाखा कार्यालयहरु:

**कोशी प्रदेश, बिराटनगर**
फोन नं.: ०२१-४६४१२४
biratnagar@dcgf.gov.np

**मधेश प्रदेश, जनकपुर**
फोन नं.: ०४१-५९०५२७
janakpur@dcgf.gov.np

**बागमती प्रदेश, भरतपुर**
फोन नं.: ०५६-४९३८२८
bharatpur@dcgf.gov.np

**गण्डकी प्रदेश, पोखरा**
फोन नं.: ०६१-५८८६६९
pokhara@dcgf.gov.np

**लुम्बिनी प्रदेश, बुटवल**
फोन नं.: ०७१-४१५१६२
butwal@dcgf.gov.np

**कर्णाली प्रदेश, सुर्खेत**
फोन नं.: ०८३-४१२११३
surkhet@dcgf.gov.np

**सुदुरपश्चिम प्रदेश, धनगढी**
फोन नं.: ०९१-५२५०००
dhangadhi@dcgf.gov.np

# मुख्य शाखा कार्यालय, काठमाडौँको समुद्घाटन

मिति २०८१ साल पुष ८ गतेका दिन एक कार्यक्रमका बीच नेपाल सरकार, अर्थ मन्त्रालयका सचिव तथा निक्षेप तथा कर्जा सुरक्षण कोषको सञ्चालक समितिका अध्यक्ष डा. राम प्रसाद घिमिरेबाट कोषको मुख्य शाखा कार्यालय काठमाडौँ समुद्घाटन गरियो। कार्यक्रममा कोषको सञ्चालक समितिका सदस्यहरु र कर्मचारीहरुको उपस्थिति रहेको थियो । हाल केन्द्रीय कार्यालयबाट प्रदान गरिँदै आएका सेवाहरुलाई छुट्टै शाखा मार्फत छिटो, छरितो र प्रभावकारी रुपमा प्रदान गर्ने उद्देश्यका साथ कोषको केन्द्रीय कार्यालय टंगालमा रहेको भवनको भुईंतल्लामा मुख्य शाखा कार्यालय स्थापना गरिएको हो ।

कार्यक्रममा प्रमुख अतिथिको रुपमा आफ्नो मन्तव्य राख्दै कोषका अध्यक्ष घिमिरेले कोषले आफ्नो काम कारोबारलाई ग्राहक मैत्री र पूर्ण व्यवसायिक बनाउनमा नयाँ शाखाले महत्वपूर्ण सघाउ पुग्ने आशा व्यक्त गर्दै नयाँ शाखाका कर्मचारी लगायत सिंगो कोष परिवारलाई बधाई ज्ञापन गर्नुभयो । साथै कोषका प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरेले शाखा कार्यालय स्थापना गर्नुको आवश्यकता, उद्देश्य र औचित्यताबारे प्रकाश पार्दै शाखा कार्यालय स्थापनाले एकातर्फ सेवा प्रवाह चुस्त हुन जाने र अर्को तर्फ केन्द्रीय कार्यालय नीतिगत र सुपरीवेक्षकीय कार्यमा बढी केन्द्रीत हुन गई सुरक्षण योजनाहरुको विस्तार र प्रवर्द्धनमा विकास गर्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नु भयो ।



## कोष सञ्चालक समिति सदस्यमा परिवर्तन

नेपाल सरकार माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री स्तरको मिति २०८१।११।२६ गतेको निर्णय अनुसार कोषको सञ्चालक समितिको अध्यक्षको पदमा महालेखा नियन्त्रकको कार्यालयका महालेखा नियन्त्रक डा.गणेशप्रसाद पाण्डेय नियुक्त हुनुभएको छ । यस अघि उक्त स्थानमा अर्थ मन्त्रालयका सचिव डा.राम प्रसाद घिमिरेले प्रतिनिधित्व गर्नु भएको थियो ।



मिति २०८१।१२।०५ गतेदेखि लागू हुने गरी नेपाल राष्ट्र बैंकको तर्फबाट कोषको सञ्चालक समितिको सदस्यमा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक श्री रोशन कुमार सिग्देल नियुक्त हुनुभएको छ । यस अघि उक्त स्थानमा यसै बैंकका कार्यकारी निर्देशक श्री सुमन कुमार अधिकारीले प्रतिनिधित्व गर्नु भएको थियो ।



# प्रादेशिक, साना तथा मझौला उद्यम कर्जा सुरक्षण कार्यक्रम योजनाबारे संक्षिप्त जानकारी

प्रदेश तथा स्थानीय तहभित्र साना तथा मझौला उद्यमको विकास तथा प्रवर्द्धन गर्नको लागि सरल एवं सहज रुपमा बैंक कर्जाको उपलब्धता सुनिश्चित गर्ने उद्देश्यका साथ कोषले कर्जा सुरक्षण नियमावली, २०७५ को नियम ३५ को उपनियम (४) को अधिकार प्रयोग गरी देहायको प्रादेशिक साना तथा मझौला उद्यम कर्जा सुरक्षण कार्यक्रम योजना, २०८१ बनाई लागू गरेको छ ।

### सुरक्षण हुने कर्जा प्रवाहको क्षेत्र तथा व्यवसाय:

यस योजना बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले तोकको क्षेत्र तथा व्यवसाय र समितिले समय समयमा तोकेको अन्य क्षेत्र तथा व्यवसायसँग सम्बन्धित साना तथा मझौला उद्यमको लागि प्रवाहित कर्जा कोषले सुरक्षण गर्दछ ।

### सुरक्षण हुने कर्जा रकमको सीमा:

» यस योजना बमोजिम कर्जा सुरक्षण गर्दा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले तोकको क्षेत्र तथा व्यवसाय र समितिले समय समयमा तोकेको अन्य क्षेत्र तथा व्यवसायमा प्रवाह गरेको तीन करोड रुपैयाँसम्मको कर्जाको सुरक्षण गरिनेछ ।

» सुरक्षण हुने कर्जा रकम एक करोड रुपैयाँभन्दा बढी भएमा कोषको स्वीकृति लिनु पर्नेछ ।

» कोषको स्वीकृत नलिएको एक करोड रुपैयाँ भन्दा बढीको कर्जा कोषले सुरक्षण गर्ने छैन ।

» कर्जा सुरक्षणको स्वीकृति माग भएमा कोषले त्यस्तो स्वीकृति माग भएको मितिले पन्ध्र कार्य दिन भित्र निर्णय गर्नु पर्नेछ ।

### सुरक्षण शुल्क सम्बन्धी व्यवस्था:

यस योजना बमोजिम सुरक्षण हुने कर्जाको वार्षिक सुरक्षण शुल्क देहाय बमोजिम रहेको छ:-

| क्र.सं. | सुरक्षण योगदान रकम | वार्षिक सुरक्षण शुल्क |
|---|---|---|
| १. | ७.५% देखि १०% सम्म | १.० % |
| २. | १०% भन्दा माथी १५% सम्म | ०.८ % |
| ३. | १५% भन्दा माथी | ०.७ % |

» उल्लिखित सुरक्षण शुल्क कुल वार्षिक सुरक्षण शुल्कको एक चौथाइका दरले त्रयमासिक रुपमा त्रयमास समाप्त भएको दश दिनभित्र कर्जा प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थाले कोषमा बुझाउनु पर्नेछ ।

» सुरक्षण शुल्कको गणना गर्दा त्रयमासको अन्त्यमा भुक्तानी हुन बाँकी कर्जाको साँवा र ब्याजको कुल रकममा गर्नु पर्नेछ ।

» यस योजना बमोजिम सुरक्षणमा रहेको कर्जाको सुरक्षण शुल्क त्यस्तो कर्जाको दाबी मिति वा अन्तिम भुक्तानी मिति जुन पहिले हुन्छ सो मिति पश्चात बुझाउनु पर्ने छैन ।

» उल्लिखित बमोजिमको सुरक्षण शुल्क नियमित नबुझाएमा कर्जाको सुरक्षण नहुने र सोको दावी भुक्तानी समेत हुने छैन ।

» उल्लिखित बमोजिमको सुरक्षण शुल्क बुझाउन छुट भएमा त्यसरी छुट भएको मितिबाट छ महिना भित्र छुट सुरक्षण शुल्क बुझाउन सक्नेछन् ।

### क्षतिपूर्ति दाबी भुक्तानी सम्बन्धी व्यवस्था:

» यस योजना बमोजिम सुरक्षणमा रहेको कर्जा असुल उपर हुन नसकी कोषमा दाबी परेमा बाँकी साँवा ब्याजको शत प्रतिशत रकम एकमुष्ट भुक्तानी गरिनेछ ।

» यस योजना बमोजिमको दावी भुक्तानी सुरक्षण योगदान कोषबाट गरिनेछ ।

» यस योजनामा सम्बन्धित सुरक्षण योगदानकर्ताको योगदान रकम भन्दा बढी रकमको दाबीको हकमा नियमावलीको नियम ३७ को साना तथा मझौला उद्यम कर्जाको सुरक्षणको व्यवस्था बमोजिम पचास लाखसम्मको कर्जाको हकमा बाँकी सावाँ र व्याज रकमको असी प्रतिशत र पचास लाखभन्दा माथिको कर्जाको हकमा बाँकी सावाँ र व्याज रकमको सत्तरी प्रतिशतका दरले दुई किस्तामा सत्तरी र तीस प्रतिशतको अनुपातमा दावी भुक्तानी गरिनेछ ।

### क्षतिपूर्ति दाबी भुक्तानी सम्बन्धी अन्य व्यवस्था:

» ऋणीले कर्जाको भुक्तानी म्याद वा किस्ता म्याद नाघेको छ महिनासम्म किस्ता नतिरेमा कर्जा प्रवाह गर्ने सदस्य संस्थाले असूली प्रक्रिया शुरु गरी कर्जाको बाँकी साँवा र ब्याज मात्र कोषसँग दाबी गर्न सक्नेछ ।

» सदस्य संस्थाले कोषसँग बाँकी व्याजको क्षतिपूर्ति माग गर्दा दाबी मिति वा कर्जाको अन्तिम भुक्तानी मितिमध्ये अघिल्लो मितिसम्मको मात्र माग गर्न सक्नेछ ।

» सदस्य संस्थाले क्षतिपूर्ति दावी माग गर्दा कर्जाको अन्तिम भुक्तानी म्याद नाघेको मितिले एक वर्षभित्र माग दाबी

गरिसक्नु पर्नेछ । त्यस्तो अवधि नाघेपछि प्राप्त हुन आएको माग दाबी उपर कोषले कुनै कारबाही गर्ने छैन् ।

- सदस्य संस्थाबाट नियमानुसार दाबी माग भएमा कोषले यस योजनाको व्यवस्था बमोजिम तीस दिनभित्रमा दाबी भुक्तानी दिनेछ ।
- कुनै कारणले कोषले दाबी अस्वीकृत गरेमा सदस्य संस्थाले पैंतीस दिनभित्र पुनरावलोकनका लागि कोषमा निवेदन दिन सक्नेछ ।
- सदस्य संस्थाले नियमानुसार कोषबाट प्राप्त गरेको दाबी भुक्तानी रकम सम्बन्धित ऋणीको कर्जा खातामा समायोजन गरी सो बराबरको रकमलाई ऋणीको कर्जा दायित्व कायम हुने गरी अन्य सम्पत्ति शीर्षक अन्तर्गत ऋणीको नाममा छुट्टै खाता खोली साँवा व्याज गणना तथा असूली कार्य जारी रहने गरी लेखाङ्कन गर्नु पर्नेछ ।
- नियमानुसार कोषले दिएको दावी भुक्तानी रकमको हकमा ऋणीको खातामा समायोजन गर्न पाईने छैन ।
- क्षतिपूर्ति दावी भुक्तानी रकमलाई कोषको दायित्व सृजना हुने गरी छुट्टै खाता खोली लेखांकन गर्नु पर्नेछ ।

### निरीक्षण तथा सुपरीवेक्षण सम्बन्धी व्यवस्थाः

- कोषले यस योजना बमोजम सुरक्षणमा रहेको सदस्य संस्थाको कर्जाको विवरण यथार्थपरक रहे नरहेको यकिन गर्न सोसँग सम्बन्धित खाता र कागजात लगायतको विवरण समय समयमा माग गरी गैह्र स्थलगत सुपरीवेक्षण गर्न सक्नेछ ।
- कोषको सुपरीवेक्षणबाट सुरक्षणमा रहेको कर्जाको यथार्थपरक चित्रण हुन नसकेमा कोषको प्रमुख कार्यकारी अधिकृतले कोषको अधिकृतस्तरको कर्मचारीलाई स्थलगत निरीक्षण तथा अनुगमनका लागि खटाउन सक्नेछ ।
- स्थलगत निरीक्षण तथा अनुगमनका लागि खटाइएको पूर्व जानकारी कोषले बैंक तथा वित्तीय संस्थालाई दिनु पर्नेछ ।
- कोषको कर्मचारीले गरेको निरीक्षण तथा अनुगमनको प्रतिवेदन सो कार्य समाप्त भएको सात कार्यदिन भित्र कोषको प्रमुख कार्यकारी अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।
- स्थलगत निरीक्षण प्रतिवेदनमा औंल्याइएका कैफियतको गाम्भिर्यताको आधारमा समितिको अनुमति लिई वा नलिई कोषको प्रमुख कार्यकारी अधिकृतले सदस्य संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ।यस्तो निर्देशनको अर्धवार्षिक विवरण समिति समक्ष पेश गर्नु पर्नेछ। त्यस्तो निर्देशन सम्बन्धित सदस्य संस्थाले पालना गर्नु पर्नेछ र त्यस्तो निर्देशन पालना नगर्ने सदस्य संस्थासँगको कर्जा सुरक्षण सम्झौता रद्ध गर्न सकिनेछ ।

### दाबी भुक्तानी फिर्ता सम्बन्धी व्यवस्थाः

- कोषबाट दाबी भुक्तानी भएको कर्जा असुलीको लागि सदस्य संस्थाले प्रचलित कानून बमोजिम कारबाही सुचारु गर्नु पर्नेछ ।
- कोषबाट दाबी भुक्तानी भएको कर्जा आंशिक वा पूरा असुल उपर भएमा सर्वप्रथम दाबी भुक्तानी बापत प्राप्त भएको रकमको हदसम्म बैङ्क तथा वित्तीय संस्थाले कोषलाई फिर्ता गर्नु पर्नेछ ।
- सदस्य संस्थाबाट कोषमा प्राप्त दावी भुक्तानी फिर्ता रकम कोषले आम्दानी बाँध्नेछ ।
- सदस्य संस्थाले कोषबाट दावी भुक्तानी प्राप्त कर्जाको असूली र कोषमा फिर्ता गरेको विवरणको प्रगति प्रतिवेदन त्रयमासिक रुपमा कोषमा बुझाउनु पर्नेछ ।

## कोशी प्रदेश भित्रका साना तथा मझौला उद्योग व्यवसायमा (SME) कर्जा प्रवाहमा ब्रेक थ्रु

बैंकहरु मार्फत कोशी प्रदेश भित्रका साना तथा मझौला उद्यम व्यवसायहरुमा (SME) कर्जा प्रवाहलाई प्रोत्साहित गर्ने प्रयोजनका लागि प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश, विराटनगर , उदय परियोजना र निक्षेप तथा कर्जा सुरक्षण कोष, टंगाल, काठमाडौं बीच "कोशी प्रदेश साना तथा मझौला उद्यमी सुरक्षण कोष" को स्थापना र सञ्चालन गर्ने सम्बन्धमा सम्झौतापत्र आदानप्रदान भयो । यो सम्झौता कोशी प्रदेशमा रहेका साना तथा मझौला उद्यमीहरुको व्यवसायिक उन्नयन, नवप्रवर्तन र कार्यकुशलता अभिवृद्धिका लागि पूँजी वृद्धिमा पहुँच बढाउन बैंकले कर्जा लगानीमा हुनसक्ने जोखिमको न्यूनिकरण गर्न त्यहाँ सो कोष सञ्चालन हुने भएको हो ।



# वैदेशिक भ्रमण तथा सम्मान कार्यक्रममा सहभागिता:

## कोषका प्रमुख कार्यकारी अधिकृत ग्लोबल एक्सेलेन्स इन लिडरसिप अवार्डबाट सम्मानित



The International Award Forum-USA ले भारतको नयाँ दिल्लीमा २०२५ जनवरी १९ मा नेपाल, भारत लगायत विभिन्न देशमा आ-आफ्नो क्षेत्रमा विशिष्ट योगदान गरेका व्यक्तित्वहरुलाई सम्मानपत्र तथा पदक वितरण गर्ने गरी आयो जना गरेको International Award Summit, 2025 कार्यक्रममा कोषको तर्फबाट प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरे र नायब प्रवन्धक विदुर पराजुलीले सहभागीता जनाउनु भएको थियो । उक्त कार्यक्रमा कोषका प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरेलाई Global Excellence In Leadership Award बाट सम्मानित गरिएको थियो । त्यस कार्यक्रममा नेपाल, भारत लगायत विभिन्न देशमा आ-आफ्नो क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने ६० जना व्यक्तित्वहरुलाई सम्मानपत्र तथा पदक वितरण गरिएको थियो ।

## मोलडोभामा भएको Knowledge Exchange Program मा सहभागिता:

विश्व बैंकले २७ जनवरी २०२५ देखि २ फेब्रुअरीसम्म मोलडोभामा आयोजना गरेको Knowledge Exchange Program अन्तर्गत Entrepreneurship Development Organization(ODA) मोलडोभाको अध्ययन भ्रमणमा कोषको तर्फबाट कोषका प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरे, प्रबन्धकहरु विक्रान्त आचार्य र मन्दिरा थपलिया सहभागी हुनुभएको थियो । उक्त कार्यक्रममा ODA ले SMEs क्षेत्रलाई प्रस्ताव गरेको Business and Potential, मोलडोभाले अपनाएको Best Practices, ODA ले विभिन्न Development Agencies र बाह्य देशबाट प्राप्त गरेको अनुदानको उत्पादकत्व र नतिजा, Scheme and Pricing system of portfolio and individual guarantee, Sectoral activities of ODA र Market failure and challenge in access to finance लगायतका विभिन्न विषयहरुमा छलफल एवं Knowledge Exchange भएको थियो ।



# तालिम कार्यक्रमः

## वाह्य तालिम कार्यक्रममा सहभागिताः

विभिन्न संस्थाहरुले आयोजना गरेको तालिम कार्यक्रममा पछिल्लो ६ महिनामा देहाय बमोजिमका कर्मचारीहरु सहभागी भएका छन् :

| S.N. | तालिमको विवरण | आयोजक संस्था | सहभागी कर्मचारी |
|---|---|---|---|
| 1. | 3D Animation Excellence Program | Neosphere School of Film Technology | कम्प्युटर सहायक श्री श्याम कृष्ण शाही |
| 2. | Process of Goods & Contract Management | Nepal Administrative Staff College | प्रबन्धक बिनोद पन्त |
| | | | नायव प्रबन्धक अच्युत पन्त |
| 3. | Positive Attitude & Stress Management | Nepal Yoga Institute & Retreat Pvt. Ltd. | अधिकृत चन्द्रकला सुनार |
| | | | प्रधान सहायक बबिता शाह |
| | | | सहायक दिपक घतानी |

## आन्तरिक तालिम कार्यक्रमको आयोजना

कोषको निक्षेप र कर्जा सुरक्षणको परिमाण र क्षेत्र बढ्दै गएकोले विभिन्न किसिमका जोखिमहरु पनि बढ्दै गईरहेको छ । कोषद्धारा विगतका वर्षहरुमा जस्तै यस वर्ष पनि शाखा कार्यालयका कर्मचारीहरु र केन्द्रीय कार्यालयका कर्मचारीहरुलाई कर्जाको आधारभूत सिद्धान्त र जोखिमको न्यूनिकरण एवं व्यवस्थापन सम्बन्धी ज्ञान र सीप विकासको लागि एक दिने तालिम कार्यक्रम २०८१/१०/०४ गते चितवनमा सञ्चालन गरियो । उक्त तालिम कार्यक्रममा कोषको केन्द्रिय कार्यालय र शाखा कार्यालयका गरी जम्मा ४० जना कार्मचारीहरुको सहभागिता रहेको थियो । National Banking Institute Ltd. द्वारा आयोजित उक्त कार्यक्रममा कोषका उच्च व्यवस्थापन तहका पदाधिकारी र जोखिम सुरक्षण सम्बन्धी विज्ञ महालक्ष्मी विकास बैकका पूर्व प्रमुख कार्यकारी अधिकृत श्री बोध राज देवकोटाले Fundamental Principle of Credit, Borrowing Cause Analysis, Credit Risk Assessment, Loan Management & Risk Management लगायतका शिर्षकमा आफ्नो प्रस्तुती पेश गर्नु भएको थियो ।

त्यसैगरी कोषमा आर्थिक वर्ष २०८०/८१ मा आव्हान गरिएको विज्ञापन मार्फत स्थाई सेवामा पदपूर्ति भएका नयाँ कर्मचारी तथा कोषका अन्य कर्मचारीहरुको लागि कोषको कर्जा सुरक्षण कार्यक्रम, निक्षेप सुरक्षण कार्यक्रम, कोषको नीति नियम, कर्मचारी आचार संहिता, कार्यालय व्यवस्थापन, सूचना प्रविधि सम्बन्धी आधारभूत ज्ञान, भाषागत ज्ञान र लेखन सीप, कोषको लेखा व्यवस्थापन, कोषको रणनैतिक योजना तथा भावी कार्यदिशा तथा तनाव व्यवस्थापन लगायतका विषयमा जानकारी एंव पुर्नताजगी गराउने उद्देश्यका साथ कोषका विभागीय प्रमुखहरु तथा वाह्य स्रोत व्यक्तिहरुद्वारा कोषको केन्द्रीय कार्यालयमा मिति २०८१ चैत्र २० गते देखि २२ गते सम्म तालिम कार्यक्रम सञ्चालन गरियो ।

## विभिन्न बैंक तथा वित्तीय संस्था तथा पालिकाहरूसँगको कर्जा सुरक्षण सम्झौता

कोषले सञ्चालन गर्दै आएको कर्जा सुरक्षण कार्यक्रम अन्तर्गतका विभिन्न सुरक्षण कार्यक्रमहरुमा कोष र बैंक तथा वित्तीय संस्था तथा पालिकाहरु बीच सम्झौता भएको छ ।

| क्र.स | बैंक तथा वित्तिय संस्था | कर्जा सुरक्षण कार्यक्रम | सम्झौता मिति |
|---|---|---|---|
| १ | जीवन विकास लघुवित्त वित्तीय संस्था लि. | लघु वित्त तथा विपन्न वर्ग कर्जा | २०८१/०७/२८ |
| २ | पोखरा महानगरपालिका | रोजगारमुखी सीप विकास तालिम कर्जा सुरक्षण कार्यक्रम | २०८१/०८/१७ |
| ३ | ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड | लघु वित्त तथा विपन्न वर्ग कर्जा | २०८१/०८/१८ |
| ४ | गौरादह नगरपालिका | रोजगारमुखी सीप विकास तालिम कर्जा सुरक्षण | २०८१/१०/२१ |
| ५ | अग्नी हायर पर्चेज | कर्जा सुरक्षण | २०८१/११/२८ |

# नियुक्ति, बढुवा तथा अवकाश

कोषमा रिक्त विभिन्न पदमा खुला, आ.ज., आ.प्र., प्रतिस्पर्धाबाट पदपूर्तिका लागि लिइएको लिखित परीक्षा तथा अन्तर्वाताबाट छनौट हुनु भएका देहाय बमोजिमका उम्मेदवारहरु कोषको सेवामा प्रवेश गर्नु भएको छ ।

| क्र.सं. | तह | पद | उम्मेदवारको नाम, थर | नियुक्ति मिति |
|---|---|---|---|---|
| १. | ८ | ना.प्रबन्धक | रुची श्रेष्ठ | २०८२/०१/०२ |
| २. | ६ | स.अधिकृत | विनोद जि.सी. | २०८१/११/११ |
| ३. | ६ | स.अधिकृत | आशिष पौडेल | २०८१/११/२५ |
| ४. | ५ | प्र.सहायक | महेश्वरी बराल | २०८१/११/२५ |
| ५. | ५ | प्र.सहायक | राम ब.कठायत | २०८१/११/२५ |
| ६. | ५ | प्र.सहायक | दिवाकर भट्ट | २०८१/११/२५ |
| ७. | ४ | सहायक | सुनिल राज खत्री | २०८१/११/२५ |

त्यसैगरी तपसिलमा उल्लिखित मितिमा देहाय बमोजिमका कर्मचारीहरुले स्वेच्छिक राजिनामा दिई कोषको सेवाबाट अलग हुनु भएको छ ।

| क्र.सं. | तह | पद | कर्मचारीको नाम, थर | राजिनामा मिति |
|---|---|---|---|---|
| १. | ९ | प्रबन्धक | विनोद पन्त | २०८१/१२/१३ |
| २. | ७ | अधिकृत | अशेष लामिछाने | २०८१/०७/१४ |
| ३. | ५ | प्र.सहायक | गायत्री निरौला | २०८१/१०/२८ |
| ४. | ५ | प्र.सहायक | बिमला जोशी | २०८१/१०/२३ |
| ५. | ४ | सहायक | डिल्लीराम लम्साल | २०८१/१२/१७ |

## पत्रपत्रिकाबाट



annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १७१ पृष्ठ ८ | काठमाडौं, बुधबार ७ कात्तिक २०८१ | कार्तिक कृष्णपक्ष षष्ठी नेपाल संवत् ११४४ | WEDNESDAY, OCTOBER 23, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

**कुल निक्षेप ६५ खर्ब नाघ्यो, सुरक्षण १४ खर्ब**

बैंक तथा वित्तीय संस्थामा भएको १७ खर्ब २७ अर्ब ३२ करोड ८५ लाख रुपैयाँ बराबरको निक्षेप तथा कर्जा सुरक्षण कोषले जोखिमबापत सुरक्षा प्रदान गरेको छ। यसमध्ये निक्षेप सुरक्षण मात्रै १४ खर्ब रुपैयाँ हाराहारी र कर्जा सुरक्षण करिब ३ खर्ब रुपैयाँ छ। कोषले निक्षेप तथा कर्जामा हुने जोखिमबापत निश्चित शुल्क लिएर निक्षेप तथा कर्जाको सुरक्षण गर्दै आएको छ। पछिल्लो समय बैंक तथा वित्तीय संस्थामा पर्याप्त पुँजी भएकाले निक्षेप रकम बढेसँगै यसको सुरक्षण पनि हात्तै वृद्धि भएको छ। तर, बैंकमा लगानीयोग्य पुँजी ७ खर्ब रुपैयाँले अधिक भए पनि अपेक्षाअनुसार बैंकबाट कर्जा प्रवाह नहुँदा ऋणीको संख्यामा कमी आएको छ। यसले कर्जा सुरक्षणको आकार अघिल्लो वर्षको तुलनामा कम छ।

समाचार २ पृष्ठ

ममता थापा | काठमाडौं
- को रिपोर्ट

# निक्षेप तथा कर्जा सुरक्षण १७ खर्ब २७ अर्ब माथि

- ५ दशकमा डुबेको एक वित्तीय संस्था (हिमालय फाइनान्स)का निक्षेपकर्तालाई सुरक्षणबापत ११ करोड प्रदान
- ६५ खर्ब २८ अर्ब ३६ करोडको कुल निक्षेपमा १४ खर्ब ३० अर्ब ४५ करोड ९६ लाखको सुरक्षण
- कुल निक्षेप रकमको ४५.६४ प्रतिशत रकमको सुरक्षण

**ममता थापा** | *काठमाडौं*

बैंकमा निक्षेप राख्नेहरू बेला-बेलामा बैंक धराशायी भएर अफ्ठ्यारोमा पार्ने हो कि भन्ने चिन्तामा देखिन्छन्। तर, त्यसरी आत्तिहाल्नु भने पर्दैन। एक त बैंक तथा वित्तीय संस्थाहरूलाई नियमन गर्ने निकाय नेपाल राष्ट्र बैंकले त्यो अवस्था आउनै दिँदैन। बैंक समस्याग्रस्तै भयो, उठ्ने अवस्था नै भएन भने पनि निक्षेप तथा कर्जा सुरक्षण कोषमा अधिकतम ५ लाख रुपैयाँसम्मका निक्षेपकर्ताहरूको सुरक्षण (ग्यारेन्टी) अर्थात् बिमा गर्ने भएकाले सो बराबरको रकम फिर्ता हुन्छ। यससँगै कर्जा सुरक्षणको हकमा पनि ३ करोडसम्मको सुरक्षण (ग्यारेन्टी) गरेमा ऋण खराबमा परिणत भए सो बराबरको रकम कोषले बैंकलाई दिन्छ। तर, सरकारद्वारा सहुलियत व्याज अनुदानमा दिएको कर्जामा अनिवार्य सुरक्षण गर्नुपर्ने व्यवस्था भए पनि यसबाहेकका कर्जामा भने बैंकहरूले ऐच्छिक रूपमा सुरक्षण गरेका छन्। सुरक्षणबापत कोषले पनि निश्चित शुल्क लिने गरेको छ।

हालसम्म निक्षेप तथा कर्जा सुरक्षण कोषले १७ खर्ब २७ अर्ब ३२ करोड ८५ लाख रुपैयाँ बराबरको निक्षेप र कर्जा दुवैको सुरक्षण प्रदान गरेको छ। यसमध्ये निक्षेप सुरक्षण मात्रै १४ खर्ब रुपैयाँ हाराहारी र कर्जा सुरक्षण करिब ३ खर्ब हाराहारी पुगेको छ। कोषले निक्षेप तथा कर्जामा हुने जोखिमबापत निश्चित शुल्क लिएर सुरक्षण गर्दै आएको छ। तर, पछिल्लो समय बैंक तथा वित्तीय संस्थामा पर्याप्त पुँजी भएकाले निक्षेप रकम बढेसँगै यसको सुरक्षण पनि ह्वात्तै बढेको छ। यतिबेला बैंकहरूमा ७ खर्ब अधिक लगानीयोग्य पुँजी भएको तर कर्जा प्रवाह नभएको नेपाल बैंकर्स संघका अध्यक्ष सुनील केसी बताउँछन्। यसर्थ बैंकमा लगानीयोग्य पुँजी अधिक भए पनि अपेक्षाअनुसार बैंकबाट कर्जा प्रवाह नहुँदा कर्जा सुरक्षणको आकार अघिल्लो वर्षको तुलनामा कम रहेको कोषले जनाएको छ। नेपालमा कोषको स्थापना भएको ५ दशकको इतिहासमा अहिलेसम्म निक्षेप सुरक्षणतर्फ हिमालयन फाइनान्स लिक्विडेसनमा गई माग भएको करिब ११ करोड रुपैयाँ दाबी २०७४ जेठमा भुक्तानी भई पहिलोपटक निक्षेप सुरक्षण दाबी भुक्तानी भएको थियो। तर, यसपछि अहिलेसम्म यस्तो स्थिति आएको छैन। यसबीच थुप्रै बैंक समस्याग्रस्त भए तर त्यसलाई राष्ट्र बैंकले शीघ्र सुधारात्मक प्रक्रिया अपनाएर असल सञ्चालकको हातमा सुम्पेको छ।

यद्यपि कोषले आम सर्वसाधारणको बचतको रक्षावरण स्वरूप हालसम्म बैंक तथा वित्तीय संस्थामा रहेको ४ करोड ५७ लाख ९५ हजार ५ सय ७९ निक्षेप खाताको सुरक्षण गरेको छ। २०३१ साल असोज ४ गते स्थापना भएको निक्षेप तथा कर्जा सुरक्षण कोषले हालसम्म उक्त संख्याको खाताको १४ खर्ब ३० अर्ब ४५ करोड ९६ लाख रुपैयाँ बराबरको निक्षेप सुरक्षण गरेको छ। यो तथ्यांक कोषले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/८१ असार मसान्तसम्मको हो। यसअघि आर्थिक वर्ष २०७९/८० मा १२ खर्ब ३२ अर्ब ९४ करोड रुपैयाँ बराबरको निक्षेप सुरक्षण गरेको थियो। अघिल्लो आवको तुलनामा १६ प्रतिशतले निक्षेप सुरक्षणमा वृद्धि भएको छ।

कोषमा साढे ४ करोड हाराहारीको संख्यामा निक्षेपको सुरक्षण भए पनि नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार हालसम्म वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीको गरेर निक्षेप खाताको संख्या भने ५ करोड ६७ लाख २६ हजार ६ सय २८ पुगिसकेको छ। उक्त निक्षेप खातामा ६५ खर्ब २८ अर्ब ३६ करोड २३ लाख रुपैयाँ बराबरको निक्षेप संकलन भएको छ। तर, यसमध्ये १४ खर्ब ३० अर्ब ४५ करोड ९६ लाख रुपैयाँ बराबरको निक्षेपको मात्रै सुरक्षण भएको छ। यसअनुसार केन्द्रीय बैंककै तथ्यांकलाई विश्लेषण गर्दा कुल निक्षेप रकमको ४५.६४ प्रतिशत रकमको सुरक्षण भएको देखिन्छ। कोषले संस्थागत निक्षेपलाई सुरक्षण नगर्ने र व्यक्तिगत सबै खालका निक्षेपलाई मात्र सुरक्षण गर्ने भएकाले केन्द्रीय बैंकमा उल्लेख भएको सबै निक्षेपको सुरक्षण नदेखिएको कोषका प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरे बताउँछन्।

पछिल्लो समय तथ्यांक केलाउँदा बैंकमा खाता खोलेर पैसा जम्मा गर्नेको पहुँच अधिक बढेको देखिन्छ। यद्यपि बैंकिङ प्रणालीमा बचत खाता भने कुल जनसंख्याभन्दा झन्डै दोब्बर हो। केन्द्रीय तथ्यांक कार्यालयकाअनुसार नेपालको जनसंख्या २ करोड ९६ लाख ४० हजार ९ सय ४२ छ। तर, बैंकहरूमा एउटै व्यक्तिको नाममा ६-७ वटा बचत खाता खोल्ने प्रवृत्तिले निक्षेपकर्ताको संख्या अधिक देखिएको बैंकरहरू बताउँछन्। नेपाल राष्ट्र बैंकको विभिन्न अध्ययनले पनि दोहोरो बैंक खाता हुने अधिक भएको निचोड निकालेको छ।

**कुन वर्ष कति निक्षेपको सुरक्षण ?**

विगतमा २०६७/६८ मा करिब ६९ लाख खातामा रहेको १ खर्ब ९४ अर्ब रकमको निक्षेप सुरक्षण भएकोमा २०८१ असार मसान्तसम्म आइपुग्दा करिब ४ करोड ५७ लाख ९५ हजार खातामा रहेको झन्डै १४ खर्ब ३० अर्ब रकमको सुरक्षण भएको छ। यसअघिको २०७९/८० को तथ्यांकबमोजिम निक्षेप र कर्जा दुवै गरी कोषले १५ खर्बभन्दा बढी रकमको सुरक्षण प्रदान गरेको थियो। सो आवमा ४ करोड १३ लाख ८० हजार बराबरको निक्षेप खातामा मात्रै १२ खर्ब ३२ अर्ब रुपैयाँ बराबरको सुरक्षण गरिएको थियो। यो अघिल्लो आवको भन्दा ४० प्रतिशतले बढी हो। किनभने यसअघिको आव २०७८/७९ मा ३ करोड ६१ लाख ४३ हजार ३०४ निक्षेप खातामा रहेको झन्डै ८ खर्ब ७९ अर्ब २१ करोड ५८ लाख रुपैयाँ रकमको सुरक्षण भएको थियो।

सो आवको सुरक्षण यसअघिको आवकोभन्दा ८ प्रतिशतले मात्रै बढी हो। आव २०७७/७८ मा ३ करोड १ लाख ७ हजार २४४ निक्षेप खातामा रहेको झन्डै ८ खर्ब ११ अर्ब ६१ करोड ६६ लाख रुपैयाँ रकमको सुरक्षण भएको थियो। जुन यस अघिकोभन्दा १८ प्रतिशतले बढी थियो। आव २०७६/७७ मा ७३ वटा बैंक तथा वित्तीय संस्थाहरूबाट २ करोड ६० लाख २६ हजार ४४२ निक्षेप खातामा रहेको झन्डै ६ खर्ब ८९ अर्ब ४८ करोड ९६ लाख रुपैयाँ रकमको सुरक्षण भएको थियो। हरेक वर्ष बैंक तथा वित्तीय संस्थाहरू मर्जर तथा प्राप्तिबाट संस्थाको संख्या घट्दै गए पनि निक्षेपकर्ता र रकमको आकार भने बढिरहेको छ। यसै क्रममा कोषका प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरे पनि बैंक तथा वित्तीय संस्थाहरूमा अधिक निक्षेप संकलन भएकाले सुरक्षणको आकार पनि बढेको जानकारी दिन्छन्।

पछिल्लो समय कोषमा निक्षेप सुरक्षण गर्नेमा ५५ बैंक तथा वित्तीय संस्थाहरू संलग्न छन्। सरकारले नै ५ लाखसम्मको निक्षेपलाई अनिवार्य रूपमा सुरक्षा गर्न भनेको छ। यसकारण पनि २० वटा वाणिज्य बैंक, १७ वटा विकास बैंक, १७ वटा वित्त कम्पनीले सो सीमासम्ममा बिमास्वरूप सुरक्षण गरेका छन्। यससँगै हाल ५२ वटा लघुवित्त वित्तीय संस्था भए पनि निक्षेप संकलन गर्ने २ वटा लघुवित्त वित्तीय संस्थाले मात्रै सुरक्षण गरेका छन्। जस्मा निर्धन उत्थान लघुवित्त र छिमेकी लघुवित्त वित्तीय संस्थाहरूले निक्षेपकर्ताको ५ लाख रुपैयाँसम्मको सुरक्षण गर्ने गरेका छन्। यी दुई लघुवित्तबाहेककाले सामूहिक बचत अवधारणामा भएकाले यस्तो सुरक्षणमा आबद्ध हुन पाउँदैनन् तर कर्जाको हकमा भने सुरक्षण गर्न पाउँछन्।

१५ लाख बढी ऋणीको ३ खर्ब रुपैयाँ कर्जा सुरक्षण

ऋण खराब हुने जोखिम कम गर्न बैंक तथा वित्तीय संस्थाहरूले निक्षेप तथा कर्जा सुरक्षण कोषमा कर्जा सुरक्षण गर्ने गर्छन्। ऋणीबाट साँवा तथा ब्याज असुल हुनै नसक्दाको खण्डमा यदि बैंकले त्यस्ता कर्जा सुरक्षण गरेका छन् भने खराब ऋणको दाबी गरेमा कोषबाट सुरक्षणको अधिकतम ३ करोड रुपैयाँसम्मको सीमाअनुसार भुक्तानी पाउने व्यवस्था छ।

नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार चालु आवको भदौसम्ममा १९ लाख ९ हजार १ सय ९९ जनाले ऋण लिएका छन्। उक्त ऋणीले ५२ खर्ब २६ अर्ब ८२ करोड १८ लाख रुपैयाँ हाराहारीमा कर्जा लिएका छन्। तर, आर्थिक वर्ष २०८०/८१ सम्ममा बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएका कर्जामध्ये १५ लाख ११ हजार २२६ ऋणीको २ खर्ब ९६ अर्ब ८६ करोड ९० लाख रुपैयाँ बराबरको कर्जा कोषले सुरक्षण गरेको छ।

यो सुरक्षण अघिल्लो वर्षको भन्दा ८ प्रतिशतले बढी हो। अघिल्लो आवमा १६ लाख ७६ हजार ७०६ ऋणीको २ खर्ब ७४ अर्ब ६४ करोड १४ लाख २३ हजार रुपैयाँ बराबरको कर्जा कोषले सुरक्षण गरेको छ। उक्त आवका विच सुरक्षण गर्ने ऋणी संख्या घटे पनि रकमको आकारमा भने थोरै वृद्धि भएको देखिन्छ।

अझ यसअघिका वर्षहरूमा कर्जा सुरक्षण १४९ प्रतिशतले पनि वृद्धि भएको थियो। आर्थिक वर्ष २०७५/७६ को तुलनामा आव २०७६/७७ मा ऋण लिनेको संख्या र रकम ह्वात्तै बढेको थियो। २०७५/७६मा ३ लाख ७० हजार १ सय ८४ जना ऋणीको २६ अर्ब ३६ करोड ७२ लाख १३ हजार रुपैयाँ बराबरको सुरक्षण भएको थियो। तर, यसपछिको आव २०७६/७७ मा १४९ प्रतिशतले बढेर ७ लाख ८६ हजार ७१६ ऋणीको ६५ अर्ब ६८ करोड रुपैयाँ हाराहारीमा सुरक्षण गरिएको थियो।

**झन्डै १४ हजार खराब कर्जाको ५५ करोड दाबी भुक्तानी**

बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको कर्जा खराब कर्जामा परिणत भएपछि बैंकहरूले सुरक्षण गरेको खण्डमा अधिकतम ३ करोडसम्मको भने निक्षेप तथा कर्जा सुरक्षण कोषबाट दाबी भुक्तानीमार्फत असुल गर्न सक्छन्। तर यसको लागि बैंकले निश्चित शुल्क तिरेर कोषमा कर्जाको सुरक्षण गरेको हुनुपर्छ। हाल सरकारले प्रदान गरेको सहुलियत कर्जाबाहेक अन्य कर्जामा १७ वटा वाणिज्य बैंकले मात्रै सुरक्षण गरेका छन्। यसबाहेकको स्ट्यान्डर्ड चार्टर्ड, एनएमबी र कृषि विकास बैंकले भने कर्जाको सुरक्षण नगरेको कोषका सीईओ घिमिरेले जानकारी दिए।

कर्जा सुरक्षणतर्फ पहिलो दाबी भुक्तानी आव २०३८/३९ मा भएको थियो। त्यसपश्चात् निरन्तर रूपमा दाबी भुक्तानी हुँदै आएको छ। आव २०८०/८१ मा झन्डै १३ हजार ९ सय ९० जना ऋणीको कर्जा डुबेको थियो। उक्त खराब ऋणीको ५५ करोड २८ लाख ७० हजार रुपैयाँ कोषबाट बैंकहरूलाई क्षतिपूर्ति दाबी भुक्तानी स्वीकृत भएको छ। अघिल्लो वर्षको तुलनामा खराब कर्जाको दाबी ३९.३३ प्रतिशतले बढेकाले भुक्तानी भएको थियो। यस्तै, यसअघि आव २०७९/८० मा झन्डै ४० करोड क्षतिपूर्ति दाबी भुक्तानी स्वीकृत भएको थियो।

**सुरक्षण सीमा र सुरक्षण शुल्क**

निक्षेप सुरक्षण सीमातर्फ आव २०६७/६८ मा २ लाख रुपैयाँसम्मको निक्षेपको सुरक्षण गर्न थालिएकामा २०७५ सालमा उक्त सीमा ३ लाख र २०७९ सालमा ५ लाख पुगेको छ। निक्षेप सुरक्षण शुल्कबापत बैंक तथा वित्तीय संस्थाहरूले ०.१६ प्रतिशत कोषलाई बुझाउनुपर्छ। उक्त जोखिमबापत बुझाउने शुल्कको भार भने अन्तत ऋणीलाई समेत पर्न जान्छ। यद्यपि साना निक्षेपकर्ताहरको निक्षेपको सुरक्षा गर्नु राज्यको दायित्व भएकाले यो व्यवस्था उचित भएको बैंक विज्ञ अनलराज भट्टराई बताउँछन्। अझ समयअनुसार अधिकतम निक्षेप सुरक्षणको सीमा ५ लाखबाट बढाएर १० लाखसम्म पुऱ्याउनु आवश्यक रहेको उनले सुझाव दिए।

यस्तै, २०३१ सालमा कर्जा सुरक्षणसम्बन्धी व्यवस्था हुँदा कर्जा सुरक्षणको माथिल्लो सीमा २ लाख रुपैयाँ रहेको थियो। यसपछि २०४१ सालमा १० लाख रहेको थियो। हाल कोषले अधिकतम प्रति ऋणी ३ करोड रुपैयाँसम्मको कर्जा सुरक्षण गर्न सक्ने व्यवस्था छ।

कोषसँग पूर्व सहमति नलिइएका कर्जाका अधिकतम सीमा भने हाल १ करोडसम्म मात्रै रहेको छ। यद्यपि कोषका विभिन्न कर्जा कार्यक्रमहरूका सुरक्षण सीमा अलगअलग छन्। पशुधन सुरक्षण सन्दर्भमा सुरुवातमा सुरक्षण गर्न सकिने अधिकतम सीमाप्रति उन्नत जातका ठूला पशु २० हजार रुपैयाँ रहेकोमा उक्त सीमा विभिन्न समयमा वृद्धि हुँदै हाल १ लाख ५० हजार रुपैयाँ पुगेको छ। कोषले कर्जा सुरक्षणबापत भने उच्च जोखिम वा कम जोखिमको आधारमा सुरक्षण शुल्क तोकेको छ। विशेष गरेर बिनाधितो कर्जाहरूको सुरक्षण गरेको पाईएको छ। अधिकतम ३ करोडसम्मको कृषि कर्जा, एसएमई कर्जा र सहुलीयतपूर्ण कर्जामा ०.६ प्रतिशत शुल्क लिने गरेको छ। यस्तै विपन्नवर्ग कर्जा १५ लाखसम्ममा ०.८० प्रतिशत सुरक्षण शुल्क तोकेको छ।

यसैगरी क्रमश: अधिकतम १० लाख रुपैयाँसम्मको शैक्षिक कर्जा तथा शैक्षिक युवा व्यवसायी कर्जाको सुरक्षण शुल्क ०.८ प्रतिशत, ३ करोडसम्मको निर्यात कर्जा सुरक्षणको १ प्रतिशत शुल्क, पशुधन सुरक्षण ३ लाखसम्मको कर्जामा १ प्रतिशत शुल्क लिने गरेको छ। पशुधन सुरक्षणमा भने सरकारले ८० प्रतिशत अनुदान दिएको छ। यसबाहेक २५ लाखसम्मको स्टार्टअप कर्जा सुरक्षणमा १ प्रतिशत शुल्क लिने गरेको छ। कर्जा सुरक्षणले केही हदसम्म बैंकलाई सुरक्षित गर्न मद्दत गरेको छ।




## निक्षेप तथा कर्जा सुरक्षणबारे सरोकारवाला



**रमेश घिमिरे**
प्रमुख कार्यकारी अधिकृत (सीईओ)
निक्षेप तथा कर्जा सुरक्षण कोष

कर्जा सुरक्षण गरेका बैंक तथा वित्तीय संस्थाहरूमा सर्तबमोजिम ऋणीले कर्जा तिरेनन् भने बैंकलाई सुरक्षणबापत रकम फिर्ता हुन्छ। तर, हामीलाई एउटा आरोप छ कि यति धेरै बैंक डुब्यो भने कोषले कहाँबाट पैसा निकाल्छ। २८ खर्ब पुँजी भएको कोषले १४ खर्ब निक्षेप र ३ खर्ब कर्जा सुरक्षण डुब्यो भने कहाँबाट पैसा निकाल्छ भन्छन्। हामीले कर्जाको सुरक्षण गर्ने र निक्षेपका बिमा गर्ने हो। भोलि गएर त्यो सबै संकटग्रस्त भए मात्रै दायित्व व्यहोर्नुपर्छ। तर हामीले दायीत्व १७ खर्ब मात्रै बोकेका छौं। यो सबै आकस्मिक दायित्व होइन।

कर्जा डिफल्ट भए मात्रै हाम्रो दायित्व सिर्जना हुने हो। कर्जाको हकमा खराब हुने सम्भावना अलि बढी होला तर निक्षेपको हकमा कम छ। अहिलेसम्म कर्जाको डिफल्टको अवस्था हेर्दा कुल सुरक्षणको ०.१९ प्रतिशत मात्रै दाबी आएको छ र सोहीअनुसार भुक्तानी भएको छ। जबकी हामीले जति कर्जा सुरक्षण गरेका छौं त्यसको ३ प्रतिशतभन्दा बढी दाबी आए पनि तिर्न सक्ने क्षमता राख्छौं। यसकारण कोषको पुँजीगत क्षमतासँग बैंकहरू डराउनु पर्दैन।



**सुनील केसी**
अध्यक्ष, नेपाल बैंकर्स संघ (एनबीए)
प्रमुख कार्यकारी अधिकृत (सीईओ) एनएमबी बैंक

नेपालको इतिहासमा अहिलेसम्म एकाधबाहेक बैंक तथा वित्तीय संस्था डुबेर निक्षेपकर्ताले पैसा लिनु परेको छैन। धेरैअघि एक वित्त कम्पनी डुबेकाले ११ करोड रुपैयाँ निक्षेपकर्तालाई दिएको अवस्था छ। जबकी बैंकहरूमा ६५ खर्बको निक्षेपमा त्यो न्यून हो। यद्यपि निक्षेप सुरक्षण निक्षेपकर्ताको हितका लागि हो। कुनै न कुनै कारणले बैंक डुब्न सक्ने भएकाले पनि यो जरुरी छ। गतवर्ष अमेरीका, स्विट्जरल्यान्डमै बलियो भनेका बैंक डुबे। यस अवस्थामा साना खालका निक्षेपकर्तालाई सुरक्षाको प्रत्याभूति दिन्छ। छरिएर रहेका पुँजीलाई बैंकसम्म ल्याउन पनि निक्षेप सुरक्षणले आम सर्वसाधारणमा राम्रो सन्देश दिन्छ।

कर्जा सुरक्षणको हकमा बैंकले एउटा तहसम्म जोखिम लिनुपर्ने अवस्था हुन्छ। धितो कम भएको क्षेत्रमा जोखिम बढी हुने भएकाले बैंकहरूलाई लगानी गर्न कर्जा सुरक्षणले एक किसिमको सहायता गरेको छ। सरकारले ल्याएको सहुलीयतपूर्ण कर्जा प्रवाहमा बिनाधितो हुने भएकाले पनि बढी जोखिमका कारण सुरक्षण आवश्यक परेको हो। यसले कर्जाको पहुँच पनि बढाउँदै लैजान मद्दत गर्छ। तल्लो वर्गसम्म पनि कर्जा दिएर जोखिम बेहोर्न सहज हुन्छ।



**अनलराज भट्टराई**
बैंक विज्ञ

निक्षेपकर्ताको पैसा बैंकहरूले विभिन्न क्षेत्रमा जोखिम मोलेर जोखिमपूर्ण सम्पत्तिमा लगानी गर्ने भएकाले सुरक्षित हुन जरुरी छ। विभिन्न देशको अभ्यासलाई हेर्दा पनि निक्षेपकर्ताको पैसा सुरक्षित ठाउँमा लगानी गर्ने क्षेत्र तोकिदिएको छ। अन्य मुलुकका बैंक तथा वित्तीय संस्थाहरूले क्रेडिटलाई पनि स्वाप गर्छन्। ठूला मुलुकमा पनि सबै निक्षेपको सुरक्षण हुदैन र सक्दैन। सबै निक्षेप सुरक्षण गऱ्यो भने बैंकको काम के भन्ने हुन्छ। यसर्थ नेपालमा ५ लाख सम्मको निक्षेपमा सुरक्षण गर्ने सीमा तोकिएको छ। व्यक्तिगत निक्षेपको करीब ४० प्रतिशत हाराहारी निक्षेप छ। यसमध्ये करिब ५ लाखसम्मको निक्षेप अनुमानित २० प्रतिशत हाराहारीमा साना निक्षेप छन्।

बैंकिङ्को कोर निक्षेपकर्ता नै छरीएर रहेका साना निक्षेपकर्ता हुन्। यस्ता निक्षेपकर्ता ठूला लगानी गर्ने क्षेत्रमा जान नसक्ने भएकाले बैंकमा साना निक्षेपकर्ता बढी छन्। यसकारण साना निक्षेपकर्ताको रकम सुरक्षण गर्न जरुरी छ। तर, अब ५ लाखसम्मको निक्षेपको सीमा समयअनुसार बढाउनुपर्ने आवश्यक देखिन्छ। निक्षेपकर्ताहरू ब्याजको प्रतिफल पनि चाहन्छन् र सुरक्षित गर्न पनि चाहन्छन्। अब निक्षेपकर्ताको चाहनाअनुसार न्यूनतम सुरक्षणको सीमा ५ लाख बनाएर अधिकतम सीमाको छनौट गर्ने अधिकार दिन पनि जरुरी देखिन्छ।

पछिल्लोसमय सहकारीमा राखेको निक्षेपमा प्रश्न उठेकाले धेरै निक्षेपकर्ता डराउनु पर्ने अवस्था सिर्जना भएको छ। तर, बैंकिङ क्षेत्रमा एकदमै नियमन भैरहेकाले निक्षेपकर्ता डराउनुपर्ने अवस्था छैन। जोखिम सबै क्षेत्रमा छ। व्यापार, व्यवसाय कम हुँदै गएको छ। उनीहरूले लगेको कर्जाको ब्याज तिर्न सकेनन् भने बैंकलाई असर पर्नु स्वाभाविक हो। यसैले तेस्रो पक्षबाट पनि सुरक्षण हुने कार्य गर्नै पर्छ। निक्षेप तथा कर्जा सुरक्षण कोषले पनि जोखिम आफूले मात्रै लिनेभन्दा पनि पुन: सुरक्षणको दायरा बढाउँदै जानुपर्छ।


अन्तरवार्ता लिङ्क
कर्पोरेट समाचार
Corporatesamachar.com
नयाँ दर्ता हुने सहकारीमा बचतकर्ताको रकम डुब्ने अवस्था आउँदैन, अब कोषले सुरक्षण गर्छ ।
- रमेश घिमिरे
प्रमुख कार्यकारी अधिकृत
निक्षेप तथा कर्जा सुरक्षण कोष
Ramesh Ghimire
Chief Executive Officer, Deposit & credit guarantee fund
रमेश घिमिरे
0:08 / 27:39
Exit full-screen


अर्थचौतारी
BUSINESS CORPORATE FINANCE MARKET STOCK MARKET OPINION MORE ENGLISH
कर्जा सुरक्षण कोषका सीईओ ‘ग्लोबल एक्सेलेन्स इन लिडरसिप अवार्ड’बाट सम्मानित
अर्थ चौतारी बुधबार, ९ माघ २०८१
559 SHARES


HimalayaPost
गृहपृष्ठ राजनीति अर्थ/वाणिज्य अन्तर्वार्ता खेलकुद मनोरन्जन विश्व | ENGLISH EDITION |
दक्ष जनशक्ति उत्पादन गर्न निक्षेप तथा कर्जा सुरक्षण कोष र पोखरा महानगरबीच सम्झौता
Dec 3, 2024
1.3k SHARES
Share
Tweet
काठमाडौँ – निक्षेप तथा कर्जा सुरक्षण कोष र पोखरा महानगरपालिका बीच युवाहरुलाई तालिम प्रदान गरेर स्वरोजगारीका अवसर सिर्जना गर्नका लागि कर्जा दिइने र कर्जा सुरक्षणको सम्झौता भएको छ ।
सोमबारका दिन महानगर प्रमुख धनराज आचार्यको उपस्थितिमा कोषको रोजगारमुखी सीप विकास तालिम कर्जा सुरक्षण कार्यक्रम योजना बमोजिम समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको हो । समझदारी पत्रमा कोषको तर्फबाट प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरे र पोखरा महानगरपालिकाको तर्फबाट प्रमुख


bizशाला
HOME BANKING MARKET CORPORATE AUTO WHAT'S NEW FIN-TECH HEALTH/HOSPITAL
निक्षेप तथा कर्जा सुरक्षण कोषको मुख्य शाखा कार्यालय समुद्घाटन
काठमाण्डौ । पुस ८ गतेका दिन एक कार्यक्रमका बीच नेपाल सरकार, अर्थ मन्त्रालयका सचिव तथा निक्षेप तथा कर्जा सुरक्षण कोषको सञ्चालक समितिका अध्यक्ष डा. राम प्रसाद घिमिरेबाट कोषको


हाम्रो अर्थ
अर्थतन्त्र वित्त क्षेत्र कर्पोरेट विकास सेवा समाचार विविध
ग्लोबल आइएमई लघुवित्त र कोषबीच कर्जा सुरक्षण गर्ने/गराउने सम्झौता
काठमाडौं । ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड र निक्षेप तथा कर्जा सुरक्षण कोष बीच लघुवित्त तथा विपन्न वर्ग कर्जा कार्यक्रममा प्रदान गरिने कर्जा सुरक्षण गर्नेरगराउने सम्झौता भएको छ ।
वित्तीय संस्थाको केन्द्रीय कार्यालय पोखरा–२६, विजयपुरमा आज मंसिर १८ गते एक कार्यक्रममा बीच कोषका प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरे र वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत हरिकृष्ण जोशीले सहमती पत्रमा हस्ताक्षर गरे ।
ऋणीहरुको मृत्यु भएमा वा व्यवसाय विफल भएमा समेत कोषबाट सुविधा लिन सकिने कार्यक्रममा जनाइएको छ । कार्यक्रममा कोषका प्रबन्धकहरु तथा वित्तीय संस्थाका विभागीय प्रमुखहरुको उपस्थिती रहेको थियो ।


सत्कार खबर
२०८२ वैशाख २१, आइतबार (May 04, 2025)
होमपेज समाचार अर्थ अटो खेलकुद समाज शिक्षा स्वास्थ्य
नेपालको बैंकिङ सुरक्षण: ४५.६४ प्रतिसत निक्षेपलाई मात्र सुरक्षा
सत्कार खबर संवाददाता २०८१ कार्तिक ७, बुधबार
1.2K SHARES
सत्कार खबर
निक्षेप तथा कर्जा सुरक्षण
काठमाडौं : बैंकमा निक्षेप राख्नेहरु बेला बेलामा बैंक धराशायी हुने डरमा रहन्छन्। यद्यपि नेपाल राष्ट्र बैंकले यस्तो अवस्था नआउने सुनिश्चितता दिन्छ। बैंक समस्यामा परे पनि, निक्षेप तथा कर्जा सुरक्षण कोषले अधिकतम ५ लाख रुपैयाँसम्मका निक्षेपकर्तालाई सुरक्षण प्रदान गर्छ। साथै, कर्जा सुरक्षणमा ३ करोड रुपैयाँसम्मको सुरक्षण ग्यारेन्टी गरेको छ।

फरकपत्र www.farakpatra.com

आइतबार, बैशाख २२ २०८२

विचार इन्सोरेन्स अटो बैंक/वित्त अर्थतन्त्र शिक्षा स्थानीय तह स्वास्थ्य मनो

## था कर्जा सुरक्षण कोष र अग्नी हायर पर्चे मा हस्ताक्षर




र्जा सुरक्षण कोष र अग्नी हायर पर्चेज प्राइभेट लिमिटेड बीच साना तथा मझौला उद्यम अन्तरगत यातायात सेवा कर्जा कार्यक्रम अन्तरगत कृषि औजार, यन्त्रमा प्रदान गरेको कर्जा सुरक्षण गर्ने सम्झौता पत्रमा हस्ताक्षर भएको

ारका दिन सम्झौता पत्रमा कोषको तर्फबाट प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरे र अग्नी हायर पर्चेजको णराज उपाध्यायले हस्ताक्षर गर्नु भएको थियो ।

CORPORATE NEPAL

## निक्षेप तथा कर्जा सुरक्षण कोषको मुख्य शाखा कार्यालय उद्घाटन

कर्पोरेट नेपाल



काठमाडौं। निक्षेप तथा कर्जा सुरक्षण कोषको मुख्य शाखा कार्यालय उद्घाटन भएको छ।

अर्थ मन्त्रालयका सचिव तथा कोषको सञ्चालक समितिका अध्यक्ष डा. रामप्रसाद घिमिरेबाट आज मुख्य शाखा क काठमाडौं उद्घाटन गरिएको हो।

कान्तिपुर

कोशी

## कोशीमा साना-मझौला उद्यमीका लागि प्रादेशिक कर्जा सुरक्षण कोष र उदय चुनौती कोष सुरुवात

चैत्र ११, २०८१ | कान्तिपुर संवाददाता




Read in English

BANKING Khabar .com

November 13th, 2024

## निक्षेप तथा कर्जा सुरक्षण कोष र जीवन विकास लघुवित्तबीच सम्झौता




ंकिङ खबर/ निक्षेप तथा कर्जा सुरक्षण कोष र जीवन विकास लघुवित्त वित्तीय संस्थाबीच लघुवित्त तथा विपन्न वर्ग कर्जा ुरक्षण गर्ने सम्झौता पत्रमा हस्ताक्षर भएको छ। सम्झौतापत्रमा कोषको तर्फबाट प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरे र ीवन विकास लघुवित्त वित्तीय संस्थाको तर्फबाट प्रमुख कार्यकारी अधिकृत संजय कुमार मण्डलले हस्ताक्षर गरेका थिए।

क्त हस्ताक्षर कार्यक्रममा कोषको कर्जा सुरक्षण विभागको विभागीय प्रमुख प्रबन्धक मन्दिरा थपलिया लगायतका दाधिकारी र जीवन विकासको नायव प्रमुख कार्यकारी अधिकृत दामोदर रेग्मी लगायतका पदाधिकारीहरुको उपस्थिति हेको थियो।

स सम्झौतापत्रमा हस्ताक्षर भएसँगै जीवन विकास लघुवित्त वित्तीय संस्थाले लघु व्यवसायका लागि सदस्यहरुलाई बिना धतो व्यक्तिगत वा सामूहिक जमानीमा लगानी गरेको प्रति व्यक्ति रु दश लाखसम्म, धितो जमानीमा लगानी गरेको प्रति यक्ति रु बीस लाखसम्मको कर्जा कोषले सुरक्षण गर्नेछ। कोषमा सुरक्षित कर्जा विभिन्न कारणले असूल हुन नसकेमा ंस्थाले कोष समक्ष दाबी गर्ने र उक्त दाबीमा कोषले पचहत्तर प्रतिशत भुक्तानी दिनेछ।

स प्रकार सुरक्षण हुने कर्जाको सुरक्षण शुल्क बार्षिक शुन्य दशमलव आठ प्रतिशत रहेको जसमध्ये पचास प्रतिशत मात्र ीवन विकासले कोषमा बुझाउने र बाँकी सुरक्षण शुल्क रकम नेपाल सरकारबाट अनुदान स्वरुप कोषमा प्राप्त हुनेछ। यस कार बुझाउने सुरक्षण शुल्क बाँकी कर्जामा गणना गर्ने व्यवस्था कर्जा सुरक्षण नियमावली, २०७५ ले गरेको छ।

BIZPATI.COM हरेक खबरमा आर्थिक कोण

## कर्जा सुरक्षण कोषका सीईओ 'ग्लोबल एक्सेलेन्स इन लिडरशि अवार्ड'बाट सम्मानित



निक्षेप तथा कर्जा सुरक्षण कोषका प्रमुख कार्यकारी अधिकृत (सीईओ) रमेश घिमिरेले 'ग्लोबल एक्सेलेन्स इन लिडरसिप अवार्ड' बाट सम्मानित भएका छन्। इन्टरनेसनल अवार्ड फोरम युनाइटेड स्टेट अफ अमेरिका (टिफ–युएसए)को आयोजनामा नयाँ दिल्लीमा भएको कार्यक्रममा घिमिरेले अन्तर्राष्ट्रियस्तरको पुरस्कार पाएका हुन्।

उनले आफ्नो क्षेत्रमा गरेको योगदानको आधारमा यो अवार्ड प्रधान गरिएको घिमिरेले जानकारी दिएका छन्। घिमिरेले आफ्नो पेशागत यात्रा एनआईसी एशिया बैंक देखि सुरु गरेका हुन। साथै, दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेलको निर्देशकसमेत रहेका उनी नेपाल एसबिआई मर्चेन्ट एण्ड बैंकिङको समेत सीईओ भइसकेका व्यक्ति हुन्। अहिले कोषमा उनले व्यवस्थापकको भूमिका निर्वाह गर्दै आएका छन्।

इकर्मचारी www.ekarmachari.com

## निक्षेप तथा कर्जा सुरक्षण कोषका स घिमिरेलाई अन्तर्राष्ट्रिय अवार्ड




ाडौं। निक्षेप तथा कर्जा सुरक्षण कोषका प्रमुख कार्यकारी अधिकृत (सीईओ) रमेश घिमिरे नित भएका छन्। उनी 'ग्लोबल एक्सेलेन्स इन लिडरसिप अवार्ड' बाट सम्मानित भएका छन्।

केन्द्रबिन्दु

२२ बैशाख २०८२, सोमबार

## निक्षेप तथा कर्जा सुरक्षण कोष र जीवन विकास लघुवित्तबीच विशेष सम्झौता

केन्द्रबिन्दु २८ कार्तिक २०८१, बुधवार




काठमाडौं। निक्षेप तथा कर्जा सुरक्षण कोष र जीवन विकास लघुवित्त वित्तीय संस्थाबीच लघुवित्त तथा विपन्न वर्ग कर्जा सुरक्षण गर्ने सम्झौता भएको छ।

सम्झौता पत्रमा कोषको तर्फबाट प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरे र जीवन विकास लघुवित्त वित्तीय संस्थाको तर्फबाट प्रमुख कार्यकारी अधिकृत संजय कुमार मण्डलले हस्ताक्षर गरेका थिए।

उक्त हस्ताक्षर कार्यक्रममा कोषको कर्जा सुरक्षण विभागको विभागीय प्रमुख प्रबन्धक मन्दिरा थपलिया लगायतका पदाधिकारी र जीवन विकासको नायव प्रमुख कार्यकारी अधिकृत दामोदर रेग्मी लगायतका पदाधिकारीहरुको उपस्थिति रहेको थियो।

यस सम्झौतापत्रमा हस्ताक्षर भएसँगै जीवन विकास लघुवित्त वित्तीय संस्थाले लघु व्यवसायका लागि सदस्यहरुलाई बिना धितो व्यक्तिगत वा सामूहिक जमानीमा लगानी गरेको प्रति व्यक्ति रु. दश लाखसम्म, धितो जमानीमा लगानी गरेको प्रति व्यक्ति रु. बीस लाखसम्मको कर्जा कोषले सुरक्षण गर्नेछ। कोषमा सुरक्षित कर्जा विभिन्न कारणले असूल हुन नसकेमा संस्थाले कोष समक्ष दाबी गर्ने र उक्त दाबीमा कोषले ७५ प्रतिशत भुक्तानी दिनेछ।

यस प्रकार सुरक्षण हुने कर्जाको सुरक्षण शुल्क बार्षिक शुन्य दशमलव आठ प्रतिशत रहेको जसमध्ये ५० प्रतिशत मात्र जीवन विकासले कोषमा बुझाउने र बाँकी सुरक्षण शुल्क रकम नेपाल सरकारबाट अनुदान स्वरुप कोषमा प्राप्त हुनेछ।

संसारन्यूज हामी सबैको संसारन्यूज

## निक्षेप तथा कर्जा सुरक्षण कोष र पोखरा महानगरबीच समझदारी पत्रमा हस्ताक्षर

Sansar News वि.सं.२०८१ मंसिर १९ बुधवार 441 shares




काठमाडौं। सोमबार निक्षेप तथा कर्जा सुरक्षण कोष र पोखरा महानगरपालिका बीच महानगर प्रमुख धनराज आचार्यको समुपस्थितिमा कोषको रोजगारमुखी सीप विकास तालिम कर्जा सुरक्षण कार्यक्रम योजना बमोजिम समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको छ।







**प्रकाशक**

निक्षेप तथा कर्जा सुरक्षण कोष

टंगाल, काठमाडौं

**सल्लाहकार**

श्री रमेश घिमिरे,

प्रमुख कार्यकारी अधिकृत

**सम्पादक समूह**

श्री नबीन भट्टराई

श्री राम बहादुर के.सी.

**डिजाइन/लेआउट**

श्री श्याम कृष्ण शाही


# निक्षेप तथा कर्जा सुरक्षण कोष

## Deposit & Credit Guarantee Fund

(नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापित)




"ऋण र धन, दुबैको सुरक्षण"

**केन्द्रीय कार्यालय, टंगाल, काठमाडौं**

**फोन नं: ०१-४५१०६५९, ४५१०१२७, ४५३१७१०**

E-mail: info@dcgf.gov.np

Website: www.dcgf.gov.np

**मुख्य शाखा कार्यालय, टंगाल, काठमाडौं**

**फोन नं: ०१-५९७०७७५**




**शाखा कार्यालयहरु:**

- कोशी प्रदेश, बिराटनगर — फोन नं: ०२१-४६४१२४
- मधेश प्रदेश, जनकपुर — फोन नं: ०४१-५९०५२७
- बागमती प्रदेश, भरतपुर — फोन नं: ०५६-४९३८२८
- गण्डकी प्रदेश, पोखरा — फोन नं: ०६१-५८८६६९
- लुम्बिनी प्रदेश, बुटवल — फोन नं: ०७१-४१५१६२
- कर्णाली प्रदेश, सुर्खेत — फोन नं: ०८३-४१२११३
- सुदुरपश्चिम प्रदेश, धनगढी — फोन नं: ०९१-५२५०००